"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार; बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
w/fg pkdxfgu/kflnsf
DHARAN SUB-METROPOLITAN CITY
gu/ sfo{kflnsfsf] sfof{no
OFFICE OF THE MUNICIPAL EXECUTIVE
(राजस्व तथा आर्थिक प्रशासन महाशाखा)
(Revenue & Financial Administration Division)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No.1, Nepal
फोनः ०२५-५७०४०७, ५७०८१३
एक्स्टेन्सनः २०८, २०९
फ्याक्सः ०२५-५७१९९१

## कोठाहरु बहालमा लगाउने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

### (दोश्रो पटक प्रकाशित मिति : २०७९/०४/२३)

यस उपमहानगरपालिकाको वडा नं. १२ स्थित कार्यालय परिसर भित्र रहेको उपमहानगरपालिका क्यान्टिन भवनको देहायका कोठाहरु यस धरान उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १२ को उपदफा ११ बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढमा तीन वर्षको लागि बहालमा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, संघसंस्था वा फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिउँसो १२.०० बजेसम्म www.bolpatra.gov.np/egp मा तपसिलका कोठाहरुको लागि अलग अलग अनलाइन बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि यस कार्यालयमा टाँसिएको सूचना वा बोलपत्र फाराममा संलग्न सूचनाको अध्ययन गर्नुहुन वा कार्यालयको राजस्व नीति तथा प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**देहायः**

| क्र.सं. | कोठाको विवरण | ठेक्का नं. | न्यूनतम मासिक बहाल रकम | न्यूनतम वार्षिक बृद्धिदर |
|---|---|---|---|---|
| १. | कोठा नं .१ | NCB/Rev./01/14151 | रु. १३३७७-/ | 10% |
| २. | कोठा नं .२ (क्यान्टिनको २ वटा कोठा( | NCB/Rev./02/14151 | रु .११०००-/ | 10% |

**शर्तहरुः**

१. अलग अलग कोठाको लागि रु. १०००/-(एक हजार मात्र, फिर्ता नहुने गरी ।) बोलपत्र फाराम दस्तुर धरान उपमहानगरपालिकाको नाममा राष्ट्रय वाणिज्य बैंक धरान शाखामा खाता नं. २१६०१००३०१०१०००२ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ।

२. प्रस्तावपत्रदाताले प्रस्तावपत्र पेश गर्दा ३ बर्षको भाडा रकमको वार्षिक ५ प्रतिशतले हुने रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धरानको धरौटी खाता नं. २१६०१००३०३००००००२ मा यस उपमहानगरपालिकाको नाममा जम्मा गरेको धरौटीको भौचर सहित पेश गर्नु पर्ने छ।

३. कोठामा गर्ने व्यवसायिक कारोबार प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिएर र यस उपमहानगरपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने र नियमित रुपमा समयमै नवीकरण गर्नुपर्नेछ।

४. कोठामा कानूनले अवैध ठहऱ्याएको कुनै पनि कारोबार गर्न, सटर/कोठा वा भवनको भौतिक अवस्थामा प्रतिकूल असर गर्ने, जनस्वास्थ्यमा असर गर्ने, ध्वनी तथा वातावरण प्रदुषण गर्ने काम गर्न निषेध गरिएको छ।

५. आफ्नो सटर/कोठालाई सधैं सफा राख्ने र उत्पादन भएको फोहरलाई व्यवस्थित किसिमले राखी सफाइको गाडी आएको समयमा मात्र निष्काशन गर्ने व्यवस्था दोस्रो पक्षले मिलाउनु पर्नेछ।

६. आफ्नो व्यवसायको आवश्यकता अनुसारको फर्निसिङ् कार्य दोस्रो पक्षले आफैं गर्नु पर्नेछ।

७. कोठामा प्रयोग भएको विद्युत तथा पानीको महशुल प्रथम पक्षले राखेको सब मिटरमा उठेको खपत अङ्कको आधारमा दोस्रो पक्षले तोकिएको समयमै नियमित रुपमा बुझाउनु पर्नेछ।

८. दोश्रो पक्षले आफैले उक्त कोठा प्रयोग नगरी कुनै तेश्रो पक्षलाई प्रयोग गर्न दिन पाउने छैन । यसो गरेको पाइएमा सम्झौता रद्द गरी प्रथम पक्षले अर्को व्यवस्था गर्ने छ र त्यसमा दोश्रो पक्षले कुनै उजुर बाजुर गर्न पाउने छैन।

९. सम्झौता गर्नु भन्दा अघि दोस्रो पक्षले अन्तिम वर्षको कायम हुन आउने ३ महिनाको बहाल रकम बराबरको रकम अग्रिम रूपमा धरौटी बापत जम्मा गर्नु पर्नेछ।

१०. दोस्रो पक्षले प्रत्येक महिनाको बहाल रकम सो महिना मरेको ७ दिन भित्रमा बुझाइसक्नु पर्नेछ। बहाल रकम बुझाउँदा राजश्व नीति तथा प्रशासन शाखामा आई नगद बुझाउन वा राष्ट्रिय वाणिज्य बैंक, धरान शाखामा रहेको खाता नं. २१६०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गरी भाडा भुक्तानी गरेको रसिद लिनु पर्नेछ।

११. महिना मरेको ७ दिन भित्र बहाल रकम नबुझाएमा ८ औं दिनदेखि प्रत्येक महिनाको १०% को दरले जरिवाना थप हुँदै जानेछ। कार्यालयको स्वीकृति बिना लगातार दुई महिनासम्मको बहाल रकम नबुझाएमा सम्झौता गर्दा दोश्रो पक्षले राखेको धरौटी रकम प्रथम पक्षले जफत गरी अर्को प्रकृया शुरु गर्न सकिनेछ ।

१२. सम्झौता अवधिको बीचैमा कुनै कारणले कोठा छोड्न वा छोडाउनु परेमा अर्को पक्षलाई दुई महिना अगावै पूर्व जानकारी गराएर मात्र गर्न सकिनेछ ।

१३. दोश्रो पक्षले यस सम्झौताको विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ ।

१४. सम्झौता भएको तीन वर्षपछि कार्यालयले अर्को प्रकृया शुरु गरी पुनःखुला बोलपत्रको माध्यमबाट बहालमा लगाउन वा दुवै पक्षको सहमतिमा यही सम्झौतालाई निरन्तरता दिने सम्बन्धमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१५. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा निहित रहने छ।

१६. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी त्यस पछि बढी कबुल गर्नेलाई दिने प्रक्रिया नियमानुसार कारवाही अगाडि बढाइनेछ।

१७. कोठा नं. २ (क्यान्टिन) को मूल्याँकन गर्दा ५०% भाडालाई र ५०% मूल्यलाई भार आधार मानी गणना गरिनेछ। मूल्यांकन गर्दा सबै रीत पूरा गरेको बोलपत्र दाताले न्यूनतम् कबुल अंकमा जति प्रतिशत भाडा बढी कबुल गरेको छ सो बढि प्रतिशतलाई र खाना तथा खाजाको मिनुको कूल रकमको योगमा हुने कूल घटी प्रतिशतलाई जोडेर जुन बोलपत्रदाताको सबैभन्दा बढी मूल्याँकन अंक आउँछ सोहीलाई स्वीकृत गरिने छ।

१८. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ।